मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम, नेपाल

प्रकाशित मितिः२०८३।०४।०५

## प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीहरुको सरुवा निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५(३) बमोजिमको अवधि पूरा भएका प्रदेश निजामती सेवाका अप्राविधिक तर्फका प्रशासन सेवा, सामान्य प्रशासन समूहको सबै तह र पद, विविध सेवा एवम् प्राविधिक तर्फका अधिकृत नवौं वा सो भन्दा माथिका इच्छुक प्रदेश निजामती सेवाका कर्मचारीहरुले यसैसाथ संलग्न सरुवा निवेदनको ढाँचा बमोजिम तपसिलका कागजातहरु संलग्न राखी यस कार्यालयको आधिकारिक इमेल ठेगाना **adminsaruwa.ocmcm@madhesh.gov.np** मा मिति २०८३ साउन मसान्त भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सम्बन्धित कार्यालयमा कामकाज गरेको पुष्ट्याई हुने कागजात (हाल कार्यरत रहेको निकायमा पदस्थापम/सरुवा/कामकाज/काजमा खटाईएको पत्र),
२. सरुवा हुन चाहेको निकायको प्राथमिकताको क्रम (कम्तीमा तीन वटा),
३. अद्यावधिक भएको PIS प्रतिवेदन,
४. प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५(३) बमोजिमको अवधि पुष्टि हुने अन्य कागजात ।

नोटः- साउन मसान्त पश्चात प्राप्त निवेदनको सम्बोधन नहुने व्यहोरा समेत सूचित गरिन्छ।